# विद्यालय निरीक्षक र शिक्षकबिचको पेसागत सम्बन्ध

भुपाकुमारी बुढाथोकी
उपप्राध्यापक, मध्यपश्चिमाञ्चल विश्व विद्यालय, सुर्खेत

**लेखसार**

**विद्यालय निरीक्षक र शिक्षकबिचको पेसागत अन्तरसम्बन्ध पहिचान गर्ने उद्देश्यले तयार गरिएको यस अध्ययनबाट प्राप्त तथ्य, तथ्याङ्क र सूचनाहरूलाई अध्ययनको सारका रूपमा प्रस्तुत गरिएको छ । यस अध्ययनलाई भरपर्दो र विश्वसनीय बनाउन विभिन्न विद्यालयका प्रधानाध्यापक, शिक्षक, निरीक्षक, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूसँगको अन्तरवार्ता, प्रश्नावली, छलफल, अन्तरक्रिया, दस्तावेज अध्ययन, अन्तरवार्ता निर्देशिका जस्ता अनुसन्धानका साधन प्रयोग गरिएको छ । सुपरिवेक्षक र शिक्षकबिच सहयोग, उपचारात्मक एवम् सहभागितामूलक सम्बन्ध नहुनुले शिक्षकको पेसागत सहायताका कार्यक्रमहरू सही ढङ्गले चल्न नसकेको र यसबाट शिक्षकहरूको मनोबल घटेको पाइयो । यसका मुख्य कारक तत्वहरूमा विद्यालयमा सुपरिवेक्षकहरूको न्यून उपस्थिति, उनीहरूले शिक्षकप्रति गर्ने व्यवहार एवम् शैलीले सुपरिवेक्षण कार्य रचनात्मक र खोजपूर्ण नभई केवल परम्परागत रहेकाले शिक्षकहरूका प्रतिभाहरू उजागर हुन नसकेको पाइयो । उनीहरूमा पेसागत मनोबल घटेको र असन्तुष्टि बढेको पाइयो । दुबैबिचको सम्बन्ध मजबुत नहुनुमा समन्वय र सम्बन्धको अभाव, राजनीतिक आस्था र प्रभाव, शिक्षकले आफ्ना समस्या स्पष्ट रुपमा राख्न नसक्नु, एकअर्कामा दोष थोपर्ने प्रवृत्ति, निरीक्षक शक्तिनिहीत सुपरिवेक्षका रुपमा प्रस्तुत हुनु मुख्य कारणहरू रहे । विद्यालय निरीक्षक र शिक्षकबिचको पेसागत सम्बन्धलाई स्वस्फुर्त, पारदर्शी एवम् घनिष्ट बनाउन दुबै पक्षको पेसागत सक्रियता हुनुपर्ने, दुबैले एक अर्कालाई पेसागत साथीका रुपमा लिनुपर्ने, सुपरिवेक्षकले सहयोगात्मक एवम् सहभागितामूलक व्यवहार र शैली प्रदर्शन गर्नुपर्ने, निरन्तर भेटघाट तथा छलफलका माध्यमबाट दुबैबिचको सम्बन्धलाई घनिष्ट बनाउन सकिन्छ ।**

**मुख्य शब्दावली**

**पेसागत सम्बन्ध, विद्यालय निरीक्षक, मानवीय, उपचारात्मक, मनोबल, शैक्षिक नेतृत्व, कर्तव्य बोध ।**



## विषय प्रवेश

शैक्षिक सुपरिवेक्षणको इतिहास त्यति लामो नभए पनि यसको सुरुवात अमेरिकाबाट भएको पाइन्छ । प्रारम्भमा विद्यालय स्थापना भएबाट शिक्षाको सामाजिक माग बढ्दै गयो तर शिक्षामा गुणात्मक विकास भने हुन सकेन । तसर्थ विद्यालय निगरानी र शिक्षामा सुधार गर्नुपर्ने आवश्यकता महसुस भयो । यसै क्रममा शिक्षण सुधारका उपायहरूको खोजी गर्नुपर्ने आवश्यकताको महसुस भएबाट शैक्षिक सुपरिवेक्षणको विकास भयो । सन् १६४२ देखि अमेरिकाबाट सुरु भएको निरीक्षणको धारणा शिक्षाको विकास क्रमसँगै आजको सुपरीवेक्षणको आधुनिक धारणामा आइपुगेको देखिन्छ ।

निरीक्षणका क्षेत्रमा व्यक्ति दक्ष भएर मात्र नहुने भएकाले सन् १९३७ देखि सामूहिक सहयोगात्मक निरीक्षण कार्यको सुरुवात भयो । यस समयमा सुपरिवेक्षण कार्य निरीक्षक, शिक्षक, शैक्षिक प्रशासक आदिको सहयोग, सम्बन्ध एवम् समन्वयको प्रक्रियाबाट अघि बढ्नुपर्छ भन्ने धारणाको विकास भयो । शैक्षणिक सुधारका लागि दक्षतामूलक तथा वैज्ञानिक सिद्धान्तका साथै मानव सम्बन्ध, प्रजातान्त्रिक प्रक्रिया, सामूहिक सहयोग एवम् सहभागितामूलक प्रक्रियाको प्रयोग गर्नुपर्ने धारणाको विकास हुन थाल्यो । निरीक्षक एउटा प्रशासकका रूपमा नभई कुशल संयोजकका रूपमा प्रस्तुत हुनुपर्ने देखियो । तसर्थ सुपरिवेक्षण एउटा सेवा हो जसको मुख्य कार्य विद्यालय र शिक्षकहरूको कार्य सम्पादनमा सुधार गर्नु हो साथै यो सम्पूर्ण गुणस्तर रेखदेख तथा अनुगमन पद्धतिका लागि विकास गरिएको हुन्छ । प्राचीन नमुना गुणात्मक नियन्त्रण विधिमा जोड दिइन्थ्यो भने आधुनिक नमुनाहरूले गुणात्मक सुनिश्चितताको संस्कृतिलाई बढी जोड दिइएको पाइन्छ । फलस्वरूप सुपरिवेक्षणमा बाह्य नियन्त्रणभन्दा विद्यालय र शिक्षकको विकासमा जोड दिन थालियो । यसले सुपरिवेक्षण सेवालाई विद्यालयको नजिक ल्याई एउटा विकेन्द्रित सेवाका माध्यमबाट अर्को नयाँ संरचनाको विकास गरायो (युनेस्को, २००७) ।

बङ्गलादेशले सन् १९८० मा र पाकिस्तानले सन् १९७९ मा सुपरीवेक्षणमा विकेन्द्रीकरणको सिद्धान्तलाई आत्मसात् गऱ्यो । स्रोतकेन्द्र स्थापना गरी विद्यालयहरूको सुपरिवेक्षण गर्ने पद्धति अवलम्बन गरेका छन् । मलेसियाका प्रान्तीय तहमा प्रान्तीय शैक्षिक स्रोत केन्द्रहरू र जिल्लामा २० देखि ५० विद्यालयहरूका बिचमा शिक्षक क्रियाकलाप केन्द्रहरू र विद्यालय स्रोत केन्द्रहरू रहने व्यवस्था छ । भारतको आन्ध्र प्रदेशमा प्राथमिक शिक्षक परियोजनाले शिक्षक केन्द्र कार्यक्रमअन्तर्गत वर्षमा १२ दिनको तालिम र ६ दिनको अनुगमन गर्दछ । त्यहाँ मुख्य जिल्ला स्तरीय स्रोत केन्द्रहरू छन् । मुख्य केन्द्रहरूमा तिन ओटा विषय संयोजक रहने व्यवस्था छ (अधिकारी, सन् २०१० द्वारा उद्धृत) ।

सुपरिवेक्षण पद्धतिले शिक्षकको कार्यकुशलता, पेसागत तथा व्यावसायिक दक्षता अभिवृद्धि गरी विद्यालयको सिकाइ उपलब्धि र शिक्षण सिकाइमा सुधार ल्याउनुपर्दछ (भट्टराई, २०६७ : ५) । यसका लागि सुपरिवेक्षण र शिक्षकबिचको पेसागत अन्तरसम्बन्ध सुमधुर हुनुपर्दछ । नेपालमा विद्यालय सुपरिवेक्षकले शिक्षकको मनोबल बढाउन कस्ता सल्लाह र सुझावहरू दिने भन्ने स्पष्ट नीति बनेको पाइँदैन । विद्यालय सुपरिवेक्षक र शिक्षकबिच देखिएका असमझदारीहरूलाई कसरी न्यूनीकरण गर्ने भन्ने सवाल रहेका छन् । शिक्षकले पनि शैक्षिक सुपरिवेक्षकले दिएका सल्लाह सुझावहरूलाई ग्रहण गरेको पाइँदैन । विद्यालय सुपरिवेक्षकको उपस्थिति न्यून रहने, हाकिम कर्मचारीको सम्बन्ध रहने, सुपरिवेक्षकको शैली निरङ्कुश रहने, सुपरिवेक्षकदेखि शिक्षक डराउने, निरीक्षकलाई पेसागत साथीका रूपमा लिन नसक्ने जस्ता समस्याहरू रहेका छन् ।

आजको शिक्षाको गुणात्मक विकासका लागि सुपरिवेक्षणलाई मेरुदण्डका रूपमा लिइन्छ । शैक्षिक सुपरिवेक्षणको प्रयोग नै अन्योल भएको स्थितिमा सुपरिवेक्षकले के गर्ने ? कतिसम्म गर्ने ? सुपरिवेक्षकबाट के लिन खोजेको हो ? सुपरिवेक्षक कस्तो व्यक्ति हुने ? र सुपरिवेक्षण नै केका लागि भन्ने कुराको मापदण्ड नै निर्माण भएको देखिन्न । शैक्षिक संस्थाहरू विशुद्ध रूपले शिक्षा विकासका लागि अघि बढ्न सकिरहेको देखिँदैन । शिक्षा क्षेत्रमा संलग्न व्यक्तिहरूमा पेसागत इमान्दारिताको अभाव देखिन्छ ।

यसले गर्दा नेपालको शैक्षिक पक्ष जटिल एवम् चुनौतीपूर्ण रूपमा देखापरेको छ । केन्द्रीय नेतृत्व, शिक्षा नीति, योजना एवम् कार्यक्रम बनाउन मात्र व्यस्त देखिन्छ भने नीति र कार्यक्रमको कार्यान्वयन पक्ष फितलो छ । शिक्षाले व्यक्ति र संस्थाका मूल्य र मान्यतालाई एकीकृत गर्न सकेको अवस्था देखिँदैन । नीतिगत तह र कार्यमूलक तहबिच समूह प्रक्रियाको अभाव देखिन्छ । तसर्थ यो अध्ययन विद्यालयहरूमा सुपरिवेक्षणको अवस्था, शिक्षक र सुपरिवेक्षकबिचको सम्बन्ध, उक्त सम्बन्धले शिक्षण सिकाइमा पारेको प्रभाव र दुबैबिचको सम्बन्ध घनिष्ट नहुनुका कारणहरूको खोजीमा केन्द्रित रहेको छ ।

## २. अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य विद्यालय सुपरिवेक्षक र शिक्षकबिचको पेसागत अन्तरसम्बन्ध पहिचान गर्नु र उनीहरू बिचको अन्तरसम्बन्धले शिक्षण सिकाइमा पार्ने प्रभावको खोजी गर्नु रहेको छ ।

## ३. अध्ययन विधि

यस अध्ययनको ढाँचा गुणात्मक प्रकृतिको रहेको छ । यस अध्ययनमा काठमाडौँ जिल्ला कीर्तिपुर नगरपालिकाअन्तर्गतका १/१ ओटा विद्यालयलाई अध्ययनको नमुनाका रूपमा छनोट गरिएको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट प्राप्त तथ्याङ्कलाई वर्णनात्मक र विश्लेषणात्मक प्रक्रियाबाट सम्पन्न गरिएको छ । अध्ययनका लागि विशेष गरी खुला प्रश्नावली, अन्तरवार्ता, छलफल, सहभागितामूलक अवलोकन जस्ता साधनहरूको प्रयोग गरिएको छ ।

### ४. सुपरिवेक्षक र शिक्षकबिचको अन्तरसम्बन्ध

विद्यालय सुपरिवेक्षक र शिक्षकबिच कुन कुन पक्षमा कस्तो सम्बन्ध रहेको छ ? भन्ने सम्बन्धमा विद्यालय सुपरिवेक्षक, स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक तथा शिक्षकहरूसँग लिइएको अन्तरवार्ता, छलफल र अवलोकनबाट प्राप्त तथ्याङ्कहरूलाई विभिन्न उपशीर्षकहरूमा तल प्रस्तुत गरिएको छ :

### ४.१ शैक्षणिक योजना निर्माण

योजनाबिना कुनै पनि कार्यलाई सफल रूपमा अगाडि बढाउन सकिँदैन । शिक्षा क्षेत्रमा योजना महत्त्वपूर्ण अङ्ग भएकाले विद्यालयको शैक्षिक क्रियाकलापलाई प्रभावकारी ढङ्गले अगाडि बढाउनका लागि शिक्षण कार्य गर्नुअघि कुन कुन विषय पढाउने, कसलाई पढाउने, कसरी पढाउने, कति समय पढाउने, पढाउँदा कुन शैक्षिक सामग्री प्रयोग गर्ने, कुन शिक्षण विधि अवलम्बन गर्ने तथा मूल्याङ्कन कसरी गर्ने भन्ने सम्बन्धमा विचार पुऱ्याई स्पष्ट रूपमा जवाफ आउने गरी तयार पारिएको खाका नै शैक्षणिक योजना हो । यस्तो योजना निर्माणमा विद्यालय सुपरिवेक्षकले कुनै चासो नदिएको, नमुना पाठ प्रदर्शन नगरेको, कक्षा अवलोकन वर्षमा एक पटक मात्र हुने गरेको चोभार माविका प्रअको प्रतिक्रिया र वैष्णवी मावि भाजङ्गलका प्रअको योजनासम्बन्धी कुनै छलफल हुने नगरेको भन्ने भनाइले योजना आफ्नो स्वविवेकमा विद्यालयले निर्माण गर्ने गरेको पाइयो ।

## ४.२ शिक्षकको पेसागत मनोबलमा अभिवृद्धि

सुपरिवेक्षक र शिक्षकबिचको घनिष्ट सम्बन्धले शिक्षकहरूको कार्यप्रति आत्मबलको विकास गराउँछ । कुनै पनि कर्मचारीको पेसाप्रतिको मानसिक र संवेगात्मक प्रतिक्रियालाई मनोबलका रूपमा लिइन्छ । तसर्थ सुपरिवेक्षकले कसरी शिक्षकको आत्मबल बढाई शिक्षण कार्यलाई प्रभावकारी बनाउने तथा पेसाप्रति आकर्षित र समर्पित गर्न सकिन्छ भनी सधैं प्रयत्नशील हुनुपर्ने देखिन्छ । यसबाट कार्य अवसर, कर्तव्यबोध, समानताको बोध, मान्यता, पेसाको सुरक्षा, सन्तुष्टि, कार्यसफलता आदिको विकास हुने गर्दछ । वैष्णवी मा.वि.का प्रअको धारणा के पाइयो भने सुपरिवेक्षक विद्यालयमा आउने तर समन्वयकारी सम्बन्ध कायम गर्ने, मनोबल बढाउने कुनै कार्यक्रम नै नभएकाले शिक्षकको मनोबल घटेको छ । यसै गरी चोभार माविका विव्यस अध्यक्षले सुपरिवेक्षक वर्षको १/२ पटक मात्र विद्यालयमा आउँछन्, शिक्षणको अवलोकन गर्दैनन्, शिक्षकको पेसागत दक्षता अभिवृद्धि गर्ने कुनै कार्यक्रम ल्याएको मलाई थाहा छैन भन्ने भनाइले शिक्षकको पेसागत आत्माबल बढन नसकेको पाइयो ।

## ४.३ शैक्षिक नेतृत्व विकास

सुपरिवेक्षक एउटा शैक्षिक नेता हो । उसको मुख्य कार्य शिक्षकहरूमा शैक्षिक नेतृत्वको विकास गर्नु हो । सुपरिवेक्षकले आफूमा भएको नेतृत्वसम्बन्धी ज्ञान, सिप तथा दक्षतालाई हस्तान्तरण गरी उद्देश्य पुरा गर्न सहयोग गर्नुपर्दछ । यसै सन्दर्भमा सुपरिवेक्षकले शिक्षकको पेसागत नेतृत्व विकासमा कस्तो भूमिका निर्वाह गरेका छन् त भन्ने सन्दर्भमा अध्ययन गरिएको थियो । विनिलाई शैक्षिक नेतृत्वको विकास कसरी गर्नु भएको छ भन्ने प्रश्नमा उनले सिद्धान्त बुझेको तर व्यवहारमा त्यसको प्रयोग गर्न नसकेको पाइयो । आर्थिक अभावले त्यसो गर्न नसकिएको भनेर सरकारलाई दोष लगाए । दुबै विद्यालयका शिक्षकहरूले काम नगरे पनि विनिलाई दोष लगाउनु हुन्न भन्ने प्रतिक्रियाले उनीहरूमा डर र त्रास रहेको पाइयो । यसले निरीक्षकले निरङ्कुश सुपरिवेक्षण शैली अपनाएको स्पष्ट हुन्छ ।

## ४.४ शैक्षिक सामग्रीको निर्माण र प्रयोग

सुपरिवेक्षकले कक्षा अवलोकनको क्रममा शैक्षिक सामग्री निर्माण गर्न सिकाउने र त्यसको प्रयोगको बारेमा शिक्षकहरूलाई सल्लाह सुझाव दिनु अति आवश्यक हुन्छ । विद्यालय निरीक्षकले आफ्नो कार्य क्षेत्रभित्रका विद्यालयहरूको अवलोकन गर्दा केवल ४० प्रतिशत विद्यालयले मात्र शैक्षिक सामग्रीको प्रयोग गर्ने गरेको र केन्द्रीय स्तरबाट आधुनिक शैक्षिक सामग्रीहरू उपलब्ध गराउन नसकेको भन्ने भनाइले शैक्षिक सामग्री निर्माण र त्यसको प्रयोगसम्बन्धी ज्ञान, सिप र तरिका सिकाउने गरेको पाइएन ।

## ४.५ अतिरिक्त क्रियाकलाप संचालन

कक्षा शिक्षणबाट मात्र बालबालिकाहरूको शारीरिक, मानसिक, संवेगात्मक एवम् सामाजिक विकास हुन सक्दैन । तसर्थ उनीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गराई पाठ्यक्रमको निर्दिष्ट उद्देश्य हासिल गर्न अतिरिक्त क्रियाकलापको महत्त्वपूर्ण भूमिका रहन्छ ।

यसै सन्दर्भमा अध्ययन गरिएका दुबै विद्यालयका प्रअलाई सुपरिवेक्षकको विद्यालयका अतिरिक्त क्रियाकलापहरूमा कस्तो सहयोग हुने गरेको छ भन्ने प्रश्नमा कुनै चासो दिने नगरेको, प्रअ भेटघाटमा मात्र सीमित हुने गरेको भन्ने प्रतिक्रियाले यस विषयमा विनिको पेसागत सहयोग नभएको देखियो ।

### ४.६ शिक्षकको अन्तरनिहित प्रतिभा प्रस्फुटन

कुनै पनि व्यक्ति जन्मँदा खाली दिमाग लिएर आएको हुँदैन । उसले धेरै सम्भावनाहरू लिएर जन्मेको हुन्छ । तसर्थ सुपरिवेक्षकले पनि शिक्षकमा अन्तर्निहित प्रतिभा र क्षमतालाई प्रस्फुटन गराउने प्रयाप्त अवसरहरू प्रदान गर्न सक्नुपर्दछ । सुपरिवेक्षकले शिक्षकसँग नजिकको असल सम्बन्ध स्थापना गरी शिक्षकको प्रतिभा, योग्यता, दक्षता र क्षमतालाई चिन्न सक्नुपर्दछ । शिक्षकले गरेका राम्रा काममा प्रेरणा, प्रोत्साहन, हौसला प्रदान गरी उसभित्र लुकिरहेका प्रतिभालाई प्रस्फुटन गर्ने पेसागत दायित्व सम्झनुपर्छ । दुबै विद्यालयका अधिकांश शिक्षकहरूको धारणाअनुसार सुपरिवेक्षकको न्यून उपस्थिति, योजना, कार्यक्रम, भेटघाट, छलफल, निकट सम्बन्ध, पृष्ठपोषण आदिको अभावले शिक्षकको अन्तर्निहित प्रतिभा प्रस्फुटन हुन नसकेको पाइयो ।

## ५. सुपरिवेक्षक र शिक्षकबिचको सम्बन्धले शिक्षण सिकाइमा पारेको प्रभाव

शिक्षक र सुपरिवेक्षकबिचको अन्तरसम्बन्धले शिक्षण सिकाइ तथा शैक्षिक उपलब्धिमा पारेको प्रभाव बुझ्न विभिन्न उपशीर्षकहरूमा तल प्रस्तुत गरिएको छ :

### ५.१ कक्षा कोठाको वातावरण

शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने मुख्य थलो कक्षा कोठा भएकाले कक्षा कोठाको वातावरण शान्त, उचित र स्वच्छ भएन भने शिक्षण सिकाइ क्रियाकलाप पनि सफल र प्रभावकारी हुन सक्दैन । तसर्थ शिक्षण सिकाइलाई प्रभाव पार्ने विभिन्न पक्षहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण पक्ष कक्षा कोठाको उचित वातावरण हो । यसको उचित व्यवस्थापन गर्ने पक्ष भनेको मानवीय पक्ष हो । यसका लागि शिक्षक र सुपरिवेक्षकको सम्बन्धले प्रभाव पारेको हुन्छ । विद्यालयको न्यून सुपरीवेक्षण, भेटघाटमा सीमित, शिक्षण सुधारमा अल्छीपना, भौतिक पक्षलाई मात्र ध्यानदिने सुपरीवेक्षण सेवाले कक्षा कोठाको सिकाइ वातावरणमा सकारात्मक प्रभाव पार्न नसकेको देखिन्छ ।

### ५.२ शिक्षण सिकाइ क्रियाकलाप

शिक्षक र सुपरिवेक्षकबिच हुने सम्बन्धले विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा प्रभाव पारिरहेको हुन्छ । शिक्षकले कक्षा शिक्षण गर्ने क्रममा दैनिक पाठ योजनाअनुसार गरेको देखिँदैन । उक्त समयमा विषय वस्तुअनुसार शैक्षिक सामग्रीहरूको प्रयोग गरेर कक्षा शिक्षणलाई अझ बढी रोचक र प्रभावकारी बनाउन र विद्याथीलाई सक्रिय बनाउने क्रममा सुपरिवेक्षकको भूमिका र उसको उपस्थिति नभएकाले शिक्षण सिकाइ क्रियाकलापमा त्यसको राम्रो प्रभाव परेको देखिँदैन ।

## ५.३ शिक्षकको अनुशासन

विद्यालय शिक्षक र सुपरिवेक्षकबिचको अन्तरसम्बन्धले शिक्षकको अनुशासनमा पनि प्रत्यक्ष रूपमा प्रभाव पार्दछ । यदि शिक्षक नै इमान्दार भएन भने सम्पूर्ण शैक्षिक संस्था नै प्रभावहीन बन्छ । त्यसैले संस्थालाई प्रभावकारी ढङ्गले अगाडि बढाउन सर्वप्रथम शिक्षक आफ्नो पेसाप्रति दृढ, नेतृत्वदायी र इमान्दार हुनुपर्दछ । शिक्षण पेसालाई मर्यादित र प्रभावकारी बनाउन सुपरिवेक्षकीय कार्य गतिशील हुनुपर्छ तर अध्ययन क्षेत्रमा त्यो गतिशीलता, पेसागत अनुशासन र इमान्दारिता कम देखिएकाले त्यसको प्रभाव विद्यालयमा पनि परेको छ ।

## ५.४ शिक्षकको मनोबल

शिक्षक र सुपरिवेक्षकबिचको अन्तरसम्बन्धले शिक्षकको पेसागत मनोबलमा पनि प्रभाव पारिरहेको हुन्छ । सुपरिवेक्षकले शिक्षण सिकाइ क्रियाकलापलाई उपलब्धिमूलक र प्रभावकारी बनाउनका लागि शिक्षकको योग्यता, क्षमता, रुचि र आवश्यकतालाई बुझी सोही अनुरूप सल्लाह सुझाव दिई शिक्षकको मनोबललाई उच्च राख्न सकेको पाइएन ।

## ५.५ शिक्षक विद्यार्थीबिचको सम्बन्ध

विद्यालयको शैक्षिक वातावरण कायम गराउने कार्यमा शिक्षक, विद्यार्थी, सुपरिवेक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समितिको पारस्परिक सम्बन्धबाट मात्र सम्भव हुन्छ । तसर्थ यी सम्बन्धहरूका आधारमा विद्यालयले राम्रो शैक्षिक उपलब्धि हासिल गर्न सक्छ । यस अध्ययनका क्रममा विद्यालयमा सुपरिवेक्षक कम आउने, आएको बेलामा पनि प्रधानाध्यापकसँग मात्र बढी सम्बन्ध राख्ने र अन्य शिक्षक, विद्यार्थीसँग भने खासै वास्ता नराख्ने गरेको पाइयो ।

## ५.६ विद्यालयको शैक्षिक उपलब्धि स्तर

विद्यालय शिक्षक र सुपरिवेक्षकबिचको अन्तरसम्बन्धले शैक्षिक उपलब्धि स्तरमा सकारात्मक र नकारात्मक प्रभाव पारिरहेको हुन्छ । सुपरिवेक्षक विद्यालयमा न्यून आउने, आएमा पनि प्रअसँग मात्र सम्पर्क राख्ने, विद्यालयका शैक्षिक समस्याका बारेमा ध्यान नदिने, शिक्षण सिकाइ क्रियाकलाप कस्तो भइरहेको छ सो बारेमा कुनै चासो नराख्ने, शिक्षकहरूका कमीकमजोरी मात्र औँल्याउने जस्ता कुराले गर्दा अध्ययन क्षेत्रमा शिक्षण सिकाइ उपलब्धि अपेक्षा गरेअनुरूप हासिल हुन सकेको देखिँदैन ।

## ६. विद्यालय सुपरिवेक्षक र शिक्षकबिचको राम्रो सम्बन्ध स्थापित हुन नसक्नुका कारणहरु

यस शीर्षकमा सुपरिवेक्षक र शिक्षकबिचको सम्बन्ध स्थापनामा देखिएका खास समस्याहरू के के रहेका छन् त भन्ने सन्दर्भमा विभिन्न व्यक्तिहरूसँग गरिएको छलफल तथा प्रश्नावलीबाट प्राप्त

प्रतिक्रियाअनुसार विद्यालय सुपरिवेक्षण नियमित रूपमा हुन नसक्नु, शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी हुन नसक्नु, शिक्षकको मनोबलमा ह्रास आउनु, सुपरिवेक्षकले शिक्षक तथा विद्यार्थीसँग राम्रो सम्बन्ध कायम गर्न नसक्नु, शैक्षिक वातावरणको अभाव, शिक्षक र सुपरिवेक्षक बिच पेसागत सम्बन्ध नभई राजनीतिक पूर्वाग्रह रहनु, सरकारी विद्यालयको प्रशासन फितलो हुनु तथा सरकारी नीति नियम प्रभावहीन हुनु, शिक्षक कर्मचारीको भर्ना, नियुक्ति र सरुवा, बढुवामा पारदर्शिता नहुनु जस्ता कारणहरूले मनमुटावको स्थिति रहेको पाइन्छ ।

त्यसैगरी शिक्षक सुपरिवेक्षक बिच पेसागत सम्बन्ध घनिष्ट हुन नसक्नुमा स्रोत व्यक्ति र सुपरिवेक्षकको विद्यालय भ्रमण कम हनु, राम्रो काम गर्नेलाई पुरस्कृत गर्न नसक्नु, एक अर्काप्रति दोष थोपर्ने प्रवृत्ति रहनु, सहयोगात्मक तथा उपचारात्मक सम्बन्ध स्थापित हुन नसक्नु, दोहोरो सञ्चार नहुनु, शिक्षकका कमी कमजोरी पत्ता लगाई निराकरणका उपाय र कार्यक्रम बन्न नसक्नु, शिक्षकहरूले पनि आफ्ना समस्या निर्धक्कका साथ राख्न डराउनु, राजनीतिक आस्थाका आधारमा सम्बन्ध कायम हुनु आदि मुख्य समस्या रहेका छन् । त्यसैगरी सुपरिवेक्षक सहजकर्ताका रूपमा भन्दा पनि मूल्याङ्कनकर्ताका रूपमा प्रस्तुत हुनुले सम्बन्ध घतिष्ट हुन नसकेको पाइयो साथै स्रोतव्यक्ति तथा सुपरिवेक्षकले सबैसँग मैत्रीपूर्ण व्यवहार स्थापित गर्न नसक्नु, सुरिवेक्षकले आफूलाई शक्ति निहीत सुपरिवेक्षकका रूपमा प्रस्तुत गर्नु, राम्रो व्यक्ति शिक्षण पेसामा आकर्षित नहुनु आदि कारणहरूले दुवैबिचको पेसागत सम्बन्ध स्थापित हुन नसकेको पाइयो ।

## ७. विद्यालय सुपरिवेक्षक र शिक्षकबिच पेसागत सम्बन्ध स्थापनामा देखिएका समस्या समाधानका उपायहरु

यस अध्ययनमा सुपरिवेक्षक र शिक्षकबिचको पेसागत सम्बन्ध विकासमा देखिएका समस्याहरूको समाधान गर्न कस्ता उपायहरू हुन सक्छन् भन्ने सन्दर्भमा अध्ययन गरिएको थियो । अध्ययन क्षेत्रका विभिन्न व्यक्तिहरूसँगको छलफल तथा प्रश्नावलीबाट प्राप्त प्रतिक्रियाअनुसार विद्यालय सुपरीवेक्षण नियमित हुनुपर्ने, शिक्षक कर्मचारीहरूसँग नियमित भेटघाट, छलफल र अन्तरक्रिया गर्नुपर्ने, जिल्ला शिक्षा कार्यालयबाट सञ्चालन हुने कार्यक्रमहरू सही समय र सही रूपमा सम्प्रेषण गर्नुपर्ने, शिक्षकका पेसागत समस्याहरूलाई पहिचान गरी समयमा निराकरण गर्नुपर्ने, सुपरिवेक्षक आदेशकर्ताका रूपमा नभई सहयोगी साथीको रूपमा प्रस्तुत हुनुपर्ने, शिक्षकहरूलाई हौसला प्रदान गर्न आवश्यक सल्लाह र सुझावहरू दिने, शैक्षिक सूचनाहरूलाई नियमित रूपमा आदान प्रदान गर्ने गराउने, शिक्षकहरूलाई कक्षा शिक्षणको क्रममा आवश्यक शैक्षिक सामग्रीको निर्माण र प्रयोग गर्न सिकाउने, शिक्षकहरूको मनोबल बढाउनका लागि सुपरिवेक्षक विद्यालयमा नियमित उपस्थित हुने, सुपरिवेक्षकले आफ्नो शक्ति कानुनी रूपमा मात्र प्रयोग नगरी प्रजातान्त्रिक एवम् सामूहिक प्रक्रियामा जोड दिनुपर्ने देखिन्छ ।

सुपरिवेक्षकले शिक्षकसँग घनिष्ट सम्बन्ध स्थापना गर्न उपचारात्मक सुपरिवेक्षण प्रणाली अवलम्बन गर्नुपर्ने, विद्यालय सुपरीवेक्षण गर्ने क्रममा सुपरिवेक्षक एक सल्लाहकार एवम् परामर्शदाताका रूपमा हुनुपर्ने, शिक्षकले पनि सुपरिवेक्षकलाई मेरो पेसागत सहयोगी साथी हो भनेर आफ्ना समस्याहरूलाई

निर्धक्क साथ भन्न सक्नुपर्छ । यसरी आपसी सद्भाव विश्वासका साथ पारदर्शी ढङ्गले सम्बन्ध स्थापना गर्न सके विद्यालयको शैक्षिक वातावरणमा सुधार आउनुका साथै संस्थाकै विकास हुने देखिन्छ । त्यसैले सुपरिवेक्षण प्रक्रिया जहिले पनि सहभागितामूलक, शिक्षकका कमीकमजोरीहरूलाई सुधार गर्ने पक्षमा, शिक्षक र सुपरिवेक्षकबीच आपसि सहयोगी सम्बन्ध हुनुपर्दछ । इल्टन मायो (सन् १९५०) ले भने जस्तै दोहोरो र वास्तविक सञ्चार प्रणालीमा ध्यान दिनुपर्ने देखिन्छ ।

## ८. निष्कर्ष

सुपरीवेक्षण कार्य एउटा प्राविधिक सेवा भए तापनि अध्ययन क्षेत्रका विद्यालयहरूमा त्यो सेवा पुग्न नसकेको अध्ययनको मुख्य निष्कर्ष रह्यो । विद्यालयमा सुपरिवेक्षकको न्यून उपस्थितिले शैक्षिक पक्षमा सुधार हुन नसकेको पाइयो । पेसागत जिम्मेवारी, अनुशासन, इमादारिता, कर्तव्यबोध जस्ता कुराहरूको अभावले कक्षा कोठामा सुपरीवेक्षण सेवा पुग्न नसकेको देखिन्छ । शिक्षकको पेसागत सुधार र मनोबल बढाउने सुपरिवेक्षकीय कार्यक्रमको अभावले शिक्षक र सुपरिवेक्षकबिच पेसागत सम्बन्ध स्थापित हुन नसकेको अध्ययनको निष्कर्ष रह्यो । यसका लागि सुपरिवेक्षकले शिक्षकहरूसँग उपचारात्मक निरीक्षणले भने जस्तो उपचारात्मक सम्बन्ध कायम गरी सुपरिवेक्षण कार्य गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीहरु


अधिकारी, नारायणप्रसाद (२०६९), **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, काठमाडौं नलाइट पब्लिकेशन ।

अधिकारी, नारायणप्रसाद (२०१०), **शैक्षिक सुपरीवेक्षणका समस्या र समाधानको उपायहरु**, जर्नल अफ इपम्यान, अङ्क-२, काठमाडौं : शैक्षिक योजना तथा व्यवस्थापन समाज, त्रि.वि. ।

अर्याल, वैकुण्ठप्रसाद तथा अन्य (२०६७), **शैक्षिक विकासका विविध पक्षहरु**, काठमाडौंः मकालु प्रकाशन गृह ।

काफ्ले, वासुदेव तथा अन्य (२०६४), **शैक्षिक प्रशासन र सुपरीवेक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, अर्जुन (२०५७), **विद्यालय तहमा वर्तमान सुपरीवेक्षण व्यवस्थाको विश्लेषण**, कीर्तिपुर : शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि. ।

खनाल, पेशल (२०६०), **शैक्षिक अनुसन्धान पद्धति**, काठमाडौं :सनलाइट पब्लिकेशन ।

भट्टराई, टोपाराम (२०६७), **विद्यालय सुपरिवेक्षक र शिक्षकबिचको अन्तरसम्बन्धले शैक्षिक उपलब्धिमा पारेको प्रभाव**, अप्रकाशित शोधपत्र, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, त्रि.वि. : कीर्तिपुर ।

UNESCO (2007). *The Management of Supervision Staff. Paris: .*